नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)
Securities Board of Nepal
(Nepal Government's Securities and Commodities Exchange Regulator)

## प्रेश विज्ञप्ति

## लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रम सम्बन्धमा

नेपाल धितोपत्र बोर्डको नीति तथा कार्यक्रममा धितोपत्र बजार गतिविधि तथा गुनासाहरुको सम्बन्धमा प्रत्येक तीन महिनामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेकोमा विशेष गरी गुनासा समाधानलाई थप व्यवस्थित, प्रभावकारी र मितव्ययी बनाउन नेपाल धितोपत्र बोर्डले लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रम प्रशारण गर्ने भएको छ । लगानीकर्ताको धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी सचेतना अभिवृद्धी गर्ने, धितोपत्र बजारसम्बन्धी आम लगानीकर्ताहरुको गुनासा/समस्याहरु सुन्ने र सोको समाधान गर्दै जाने उद्देश्यले बोर्डले लगानीकर्ताहरुसँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रम प्रशारण सुरु गर्न लागेको हो ।

उक्त रेडियो कार्यक्रम मासिक रुपमा रेडियो कान्तिपुरबाट प्रशारण गर्ने सम्बन्धमा नेपाल धितोपत्र बोर्ड र कान्तिपुर एफएम प्रा. लि बीच एक संझौतापत्रमा मिति २०७५ चैत्र २९ मा हस्ताक्षर भएको छ । **"लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रम"** हरेक महिनाको पहिलो बुधबार बिहान ७:३० बजेदेखि ८:०० बजेसम्म रेडियो कान्तिपुरबाट प्रशारण हुनेछ । यस श्रृङ्खलाको पहिलो कार्यक्रम नयाँ बर्ष वि.स. २०७६ को सुरुवातमा यही बैशाख ४ गते बुधबार प्रशारण हुने भएको छ । साथै यो कार्यक्रमलाई क्रमश: पाक्षिक र साप्ताहिक रुपमा परिणत गर्दै प्रशारण गर्ने समेत बोर्डको योजना रहेको छ ।

स्मरणीय छः बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजारका सम्बन्धमा जानकारी देशभरका सर्वसाधारणमा प्रवाह गरी उनीहरुलाई साक्षर बनाउन विश्व लगानीकर्ता सप्ताह, २०१८ (अक्टोबर १-७) को अवसर पारी यही बर्षको असोज महिनादेखि पाक्षिक रुपमा प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७:४० बजेदेखि ७:५५ सम्म रेडियो नेपालमार्फत धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रम प्रशारण गर्दै आइरहेको छ ।

यस रेडियो कार्यक्रमबाट धितोपत्र बजारमा लगानीकर्ता तथा सरोकारवालाहरुको समस्या/गुनासाहरु सुन्ने अवसर प्रदान भई सोको समाधान गर्न सहज हुनुका साथै बजार नियमन तथा सुपरिवेक्षणमा थप सहजता भई बजार विकासमा मद्दत पुग्ने विश्वास बोर्डले लिएको छ ।

मिति: २०७५।१२।२९

(निरज गिरी)
प्रवक्ता